"आठवीस नगरको समुन्नतीको आधार शिक्षा, स्वास्थ्य,कृषि,पर्यटन र पुर्वाधार"

# आठवीस नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

राकमकर्णाली,दैलेख

कर्णाली प्रदेश, नेपाल

पत्र संख्याः २०७८/०७९ मिति २०७९।०२।१०

चलानी नं.

## कार्यसम्पादन सम्झौता

यस आठबीस नगरपालिकाका नगर प्रमुख श्री तर्क बहादुर बडुवाल र प्रमुख प्रशासकीय अधिकृत श्री दिल बहादुर शाहीले गर्नुभएको कार्यसम्पादन सम्झौता ।

| क स | क्रियाकलाप | उपलब्धी सूचक | कैफियत |
|---|---|---|---|
| १ | सभा र कार्यपालिकाको सदस्य सचिवको रुपमा कार्य गर्ने र निर्णय गर्ने/गराउने | कार्यपालिका र सभाको बैठक कानूनले तोकेको समयसिमा प्रक्रिया बमोजिम सदस्य सचिवले गर्नुपर्ने कार्य सम्पन्न हुनेछ । | |
| २ | वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्न सहयोग गर्ने साथै कार्यान्वयन र अनुगमन तथा मुल्याङ्क गर्ने/गराउने | स्वीकृत कार्यक्रम तथा बजेटको कम्तिमा ८० प्रतिशत भन्दा माथि प्रगती हासिल भएको हुनेछ । | |
| ३ | कोष तथा आर्थिक कारोबार हिसाव तथा अभिलेख दुरुस्त राख्न लगाउने, लेखापरिक्षण गराउने तथा बेरुजु फर्छ्यौट गर्ने/गराउने | आलेप र मलेप समयमा नै सम्पन्न भएको हुनेछ । आर्थिक कारोबार एंव कोषको अभिलेख दुरुस्त हुनेछ । | |
| ४ | आयोजनाहरुको फरफारकका लागि प्रतिवेदन तयार गरी कार्यपालिकाको बैठकमा पेश गर्ने | आर्थिक वर्ष समाप्त भएको १ महिना भित्र योजना फरफारक प्रतिवेदन तयारी गरी कार्यपालिकाको बैठकमा पेश भएको हुनेछ । | |
| ५ | नगरपालिकाको चल, अचल सम्पतिको संरक्षण गर्ने, लगत राख्ने तथा अद्यावधिक गर्ने/ गराउने | नगरपालिकाको चल, अचल सम्पतिको अभिलेख व्यवस्थित रुपमा अद्यावधिक भएको हुनेछ । | |

CamScanner

| | | | |
|---|---|---|---|
| ६ | प्रमुखको निर्देशनमा कार्यापालिकाको बैठक बोलाउने र बैठक सम्बन्धी आवश्यक कार्य गर्ने/गराउने | कार्यपालिका र सभाको बैठक सूचना समयमै सदस्यहरुलाई पुगेको हुनेछ । | |
| ७ | कार्यपालिकाको निर्णय प्रमाणित गर्ने र सभा र कार्यापलिकाको निर्णयको अभिलेख सुरक्षित गर्ने/गराउने | कार्यपालिकाको निर्णय प्रमाणित गरी प्रत्येक निर्णय व्यवस्थित एवं सुरक्षित राखिएको हुनेछ । | |
| ८ | न्यायिक समितिबाट भएको मिलापत्र तथा निर्णयसम्बन्धी मिसिल संरक्षण गर्ने/गराउने | न्यायिक समितिको मिलापत्र तथा निर्णय सम्वन्धी मिसिल सुरक्षित रुपमा राखरिएको हुनेछ । | |
| ९ | नगरपालिकाको प्रशासकीय तथा आर्थिक नियन्त्रण गर्ने | नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली तयार भई त्यसको कार्यान्वयन भएको हुनेछ । | |
| १० | सार्वजनिक खरिद योजना तयार गरी खरिद सम्बन्धी कार्य गर्ने/गराउने | प्रत्येक वर्ष श्रावण महिनाभित्र वार्षिक खरिद योजना तयार भएको हुनेछ । | |
| ११ | नगरपालिकाको अधिकार क्षेत्रभित्रका विषयमा कानूनहरु बनाउने । | नगरपालिकाको अधिकार क्षेत्र भित्रका विषयमा आवश्यक कानूनको मस्यौदा तयार गरी कार्यपालिका समक्ष पेश भएको हुनेछ । | |
| १२ | न्युनत्तम दररेट निर्धारण गर्ने | आर्थिक वर्ष शुरु हुनु भन्दा १५ दिन अगाबै न्युनत्तम दररेट निर्धारण भई कार्यपालिकाबाट स्वीकृत भएको हुनेछ । | |
| १३ | सभाको बैठक बस्ने मिति, समय र स्थान र बैठकको कार्यसूचि सहितको सूचना बैठक बस्ने दिन भन्दा कम्तिमा ७ दिन अगाबै पत्राचार गर्ने | सभाको बैठक बस्ने मिति, समय र स्थान र बैठकको कार्य सूचि सहितको तोकिए बमोजिम पत्राचार भएको हुनेछ । | |

CamScanner

आठवीस नगर कार्यपालिकाको राकमकर्णाली, दैलेख कर्णाली प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| १४ | नगरपालिकाको संघीय र प्रदेशस्तरको आयोजना कार्यान्वयनमा समन्वय, सहजिकरण गर्ने । | नगरपालिका भित्र संचालित संघीय र प्रदेशको आयोजना कार्यान्वयन भएको हुनेछ । | |
| १५ | आगामी आर्थिक वर्षको बजेट सिमा प्रत्येक वर्षको बैशाख १५ गतेभित्र विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनु पर्नेछ । | तोकीए बमोजिम बैशाख १५ गते भित्र विषयगत शाखा र वडा समितिलाई आगामी आर्थिक वर्षको १५ गतेभित्र बजेट सिमा पठाएको हुनेछ । | |
| १६ | नगर प्रमुख वा आफुलाई अख्तियारी प्राप्त भएको १५ दिनभित्र विषयगत शाखा, वडा सचिवलाई कार्यक्रम र बजेट सहित प्रचलित कानून बमोजिम खर्च गर्ने अख्तियारी दिने | तोकीए बमोजिम वडा तथा विषयगत शाखा स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयन गर्न अख्तियारी दिएको हुनेछ । | |
| १७ | नगरपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगती त्यस्तो अवधी समाप्त भएको १५ दिन भित्र कार्यापलिकाको बैठकमा पेश गर्नुपर्नेछ । | प्रत्येक चौमासिक समाप्त भए पछीका १५ दिन भित्र कार्यापलिकाको बैठकमा चौमासिक आय व्ययको विवरण पेश भएको हुनेछ । | |
| १८ | कार्यालयको व्यवस्थापन, दैनिक कार्य संचालन तथा सो कार्यालयमा कार्यरत कर्मचारीको सुपरिवेक्षण तथा नियन्त्रण गर्ने, आवश्यकता अनुसार कर्मचारीहरुलाई काज खटाउने तथा सरुवा गर्ने उत्कृष्ट कर्मचारीहरुलाई पुरस्कृत गर्ने लगायतका सेवालाई प्रभावकारी बनाउने | कार्यालयको दैनिक कार्य संचालन प्रभावकारी रुपमा संचालन भएको हुनेछ । | |

CamScanner

| | | | |
|---|---|---|---|
| १९ | घुम्ति सेवा संचालन गर्ने साथै समय समयमा सार्वजनिक सुनुवाई गर्ने | वर्षमा कम्तिमा १ पटक घुम्ति सेवा संचालन भएको हुनेछ । | |
| २० | कार्यसम्पादन सम्झौता बमोजिम शाखा प्रमुखहरु सँग कार्यसम्पादन सम्झौता गरी कार्य सम्पादन गर्ने | सबै शाखा प्रमुखहरु सँग कार्य सम्पादन सम्झौता भएको हुनेछ । | |
| २१ | मध्यकालिन खर्च संरचना तयार गर्ने | मध्यमकालिका खर्च संरचना तयार भएको हुनेछ । | |
| २२ | बेरुजुको लगत राख्ने साथै बेरुजु फछ्यौंट गर्ने/गराउने | बेरुजु व्यवस्थित लगत राखि प्रत्येक वर्ष कम्तिमा ८० प्रतिशत बेरुजु फछ्यौंट भएको हुनेछ । | |
| २४ | राजश्व संकलन तथा दाखिला गर्ने गराउने साथै प्रचलित कानून बमोजिम गर्नुपर्ने अन्य कार्यहरु गर्ने | राजश्व संकलन एवं कानून बमोजिम दाखिला गरी राजश्वको हिसाव व्यवस्थित रुपमा राखिएको हुनेछ । | |
| २५ | नगरपालिका तथा वडा कार्यालयबाट प्रदान गर्ने सेवा प्रवाहलाई चुस्त, दुरुस्त एवं सेवाग्राही मैत्री बनाउने | • नागरिक वडापत्रको व्यवस्था भएको हुनेछ ।<br>• विभिन्न माध्यमबाट प्राप्त सेवाग्राहीहरुको गुनासो तथा सुझावहरुको नियमित सम्बोधन मिलेको हुनेछ । | |

............

दिल बहादुर शाही

प्रमुख प्रशासकीय अधिकृत

............

तर्क बहादुर बडुवाल

नगर प्रमुख

CamScanner

"आठवीस नगरको समुन्नतीको आधार शिक्षा, स्वास्थ्य,कृषि,पर्यटन र पुर्वाधार"

# आठवीस नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

राकमकर्णाली,दैलेख

कर्णाली प्रदेश, नेपाल

पत्र संख्याः २०७९/०८० मिति २०७९।०१।१२

चलानी नं.

प्रमुख प्रशासकीय अधिकृत तथा सूचना प्रविधि अधिकृत बीचको कार्यसम्पादन करार सम्झौता ।

श्री शेर बहादुर सिजापति,

सूचना प्रविधि अधिकृत आठबीस नगरपालिका, दैलेख ।

प्रस्तुत विषयमा यस नगरपालिकाको सूचना तथा प्रविधि शाखाको प्रमुखको रुपमा रहि कार्य गर्ने गरी तपाईलाई जिम्मेवारी दिइएको छ । सूचना प्रविधि शाखा प्रमुखले सम्पादन गर्नुपर्ने तपसिल बमोजिमका जिम्मेवारी सम्पादन गर्ने गरी कार्य विवरण सहितको जिम्मेवारी सम्पादन गर्नु गराउनु हुन अनुरोध छ :

सूचना प्रविधि अधिकृत को जिम्मेवारी

१. कार्यालयका दैनिक गतिविधि सार्वजनिक सूचना प्रवाह गर्ने ।
२. नेपाल सरकार, प्रदेश सरकार, जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति लगायत केन्द्रिय, प्रादेशिक तथा जिल्ला स्तरवाट आउने सूचना अपडेट रहने तथा कार्यालयसँग सम्बन्धित आवश्यक सूचना सम्बन्धित शाखामा उपलब्ध गराउने ।
३. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा अन्य मन्त्रालय तथा विभागहरुको website नियमित रुपमा खोल्ने र आवश्यक निर्देशन तथा सूचना प्रिन्ट गरी उपलब्ध गराउने ।
४. कार्यालययको E-mail नियमित रुपमा खोल्ने ।
५. सूचना शाखा प्रमुखले गर्नुपर्ने अन्य कार्य गर्ने ।
६. सूचना संकलन, संग्रह, अभिलेख सम्बन्धी व्यवस्थापन तथा सूचना प्रदान गर्ने ।
७. शाखाहरूबाट आयका मासिक कार्य प्रगति विवरण तयार गरी त्यसको अभिलेख राख्ने र सम्बन्धित निकायमा पठाउने कार्य ।
८. सूचना प्रकाशन बुलेटिन, ब्रोसर तथा अन्य सूचना तथा जानकारी मुलक सूचनाहरू प्रकाशन गर्ने ।
९. शाखागत कार्य प्रगति प्रकाशित पुस्तक तथा बुलेटिन, पत्रपत्रिका, पुस्तक आदिहरूको अभिलेख राख्ने कार्य ।
१०. इमेल, इन्टरनेट र वेभसाइटको सञ्चालन र सूचनाहरूको अद्यावधिक व्यवस्थापन गर्ने ।
११. सबै शाखा तथा वडा कार्यालयमा भए गरेका गतिविधिहरू सूचना शाखामा अभिलेखीकरण गर्ने ।,
१२. कार्यालयमा आउने पत्रपत्रिकाहरू, सूचना शाखा मार्फत् लिने व्यवस्था गर्ने र आवश्यकता अनुसार ग्राहक बन्ने ।
१३. कार्यालयबाट विभिन्न किसिमका सूचना प्रवाह गर्दा सूचना शाखा मार्फत् गर्ने ।
१४. कार्यालयबाट गरिने निर्णय, नीति तथा कार्यक्रम, योजना, तथ्यांक, कार्यप्रगति विवरण, बुलेटिन, ब्रोशर, नागरिक वडापत्र, तथा अन्य त्यसता जानकारी दिने साथै सूचना मुलक प्रकाशनहरू सूचना शाखाबाट प्रकाशन गर्ने ।

CamScanner

"आठवीस नगरको समुन्नतीको आधार शिक्षा, स्वास्थ्य,कृषि,पर्यटन र पुर्वाधार"

# आठवीस नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

राकमकर्णाली,दैलेख

कर्णाली प्रदेश, नेपाल

.......................................................................................................

१५. सूचना शाखा कार्यालयको एक अभिन्न अङ्ग भएकोले यसको उचित व्यवस्थापन र कार्यन्वयनमा जोड़दिने ।

१६. योजना तर्जुमा, अनुगमन र मूल्यांकनको लागि आवश्यक सूचना संकलन, विश्लेषण, प्रकाशन र वितरण गर्ने ।

१७. सरोकारवालाहरूको आर्थिक तथा प्राविधिक सहयोगमा प्राथमिक तथ्यांक संकलन गरी प्रशोधन गर्ने, विभिन्न विषयगत कार्यालय, सरकारी तथा गैरसरकारी संघ संस्थाहरूबाट प्राप्त हुने तथ्यांकहरूलाई समेत व्यवस्थित गरी प्रयोगमा ल्याउने ।

१८. यस शाखाले नगरपालिकाको वस्तुगत विवरण, क्षेत्रगत विश्लेषण प्रतिवेदन, वित्तीय विश्लेषण, संस्थागत प्रतिवेदन, विकास वुलेटिन, गाउँ समाचार, ब्रोसरहरूको प्रकाशन लगायत सोको अध्यावधिक गर्ने र सरोकारवालाहरूलाई उपलब्ध गराउने ।

१९. केन्द्रमा उपलब्ध प्रकाशनहरू, प्रतिवेदन, सूचना तथा तथ्यांक र विभिन्न निर्धारण गरेको मूल्यमा सशुल्क बिक्री वितरण गर्ने ।

२०. शाखालाई सक्षम र दिगो बनाउन आवश्यकता अनुसार दक्ष परामर्शदाताको सहयोग लिने ।

२१. सूचना व्यवस्थापन, अनुसन्धान, प्रकाशन र वितरण कार्य गर्ने ।

२२. सूचना केन्द्रलाई एकिकृत सूचना केन्द्रको रुपमा विकास गरि कार्यालयबाट तोकिएको अन्य कार्यहरू गर्ने ।

२३. नगरपालिकाको कम्प्यूटर तथा तत् सम्बन्धी अन्य मेशिनरी सामानहरुको रेखदेख तयार मर्मत सम्भारमा सहयोग गर्ने ।

| | |
|---|---|
| उपयुक्त विवरण मेरो पदले गर्नुपर्ने काम, कर्तव्य र उत्तरदायित्व तथा अधिकारको पूर्ण विवरण हो । उल्लेखित जिम्मेवारीहरु आफै र मातहतका कर्मचारीहरु द्वारा प्रभावकारी रुपमा कार्यान्वयन गर्नेछु । <br><br> कर्मचारीको दस्तखतः <br><br> नामः शेर बहादुर सिजापति | उपयुक्त विवरण सहितको कार्य जिम्मेवारी तापाईलाई सुम्पिएको हुँदा उत्तरदायित्व बहन गर्दै कुशलता पुर्वक आफ्नो जिम्मेवारी पुरा गर्नुहोला । <br><br> प्रमुख प्रशासकीय अधिकृतको दस्तखतः <br><br> नामः दिल बहादुर शाही |

CamScanner